स्थानीय राजपत्र

गोकर्णेश्वर नगरपालिका, काठमाण्डौद्वारा प्रकाशित

खण्डः२) काठमाण्डौ, असार १० गते, २०७५ साल, संख्याः १६

भाग २

गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिका कार्यालयको सूचना

गोकर्णेश्वर नगरपालिका ढुङ्गा, गिट्टी ,बालुवा र माटो जस्ता नदीजन्य र खानीजन्य प्राकृतिक स्रोतको व्यस्थापन सम्बन्धी कार्यविधि, २०७५

<u>प्रस्तावनाः</u> नेपालको संविधानको अनुसूची- ८ को क्रमसंख्या २१ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (२) को क्रमसंख्या (७) मा रहेको ढुङगा, गिट्टी,बालुवा, नुन, माटो, खरी ढुङ्गा तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी व्यवस्थापन सम्बन्धी कार्य गर्न वाञ्छनीय भएकोले,

गोकर्णेश्वर नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गोकर्णेश्वर नगर कार्यपालिकालेदेहायको कार्यविधि बनाएको छ।

१. **<u>निजी जग्गा सम्याउन स्वीकृति लिनु पर्नेः</u>**(१)निजी जग्गा प्लटिङ्ग बाहेक (खन्न, सम्याउन) स्वीकृती पाउँ भनी कुनै व्यक्तिले नगरपालिकामा निवेदन दिंदा निम्न प्रकृया पूरा गर्नु पर्नेछः-

(क) जग्गाको हक भोग भएको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि,

(ख) चालु आर्थिक वर्षको समेत मालपोत तिरेको रसिद र नापी

नक्साको प्रतिलिपि,

(ग) एकभन्दा बढी व्यक्तिको संयुक्तनाममा जग्गा भए सबै हकवालाको मन्जुरीनामा,

(घ) मोही जग्गा धनी भएमा मोही र जग्गाधनी दुबैको सहमति भएको व्यहोरा खुलेको निवेदन वा सम्झौतापत्र,

(ङ) सँधियारको मन्जुरीनामा,

(च) खन्न, सम्याउन, परेको व्यहोरा खुलेको निवेदन,

(छ) सम्बन्धित वडाकार्यालयको सिफारिस पत्र ,

(ज) गुठी जग्गा भए गुठीको सहमति पत्र ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा निवेदन दर्ता हुन आएपछि कार्यालयले देहायको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) निवेदन संलग्न कागजको प्रमाणिकरण,

(ख) जग्गा सम्याउनु, खन्नु पर्ने

कारणको प्राविधिकबाट प्रतिवेदन,

(१)ढुङ्गा, गिट्टी ,बालुवा , ,माटोको परिमाण

(२)समायवधि,

व्यवस्थापनको (३) तरिका,

(४)काट्न मिल्ने जग्गाको क्षेत्रफल ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा भएपछि नगरपालिकाले माग भएका कित्ता जग्गा र सम्बन्धित जग्गा धनीको विवरण समेत उल्लेख गरीसबै वडाबासीले जानकारी पाउने गरी पन्ध्र दिने सार्वजनिक सूचना जारी गर्नुपर्नेछ।

तर प्लानिङ्गको लागि हो भने दफा ७ बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचना बमोजिम नगरापालिकाले सम्बन्धित वडा कार्यालय मार्फत साँधसधियार राखी कोही कसैलाई असर पर्छ, पर्दैन सो समेत खुलाई सर्जमिन गर्नु पर्नेछ।

२. **<u>स्वीकृति दिने प्रक्रिया तथा शर्तः</u>**नगरपालिकाले स्वीकृतिदिंदा पालना गर्नुपर्ने शर्त तथा प्रकृया

देहायबमोजिम हुनेछः-

(क) जग्गा व्वस्थापनका लागि माग भएको स्थानमा सार्वजनिक जग्गा, सामुदायिक बन, धार्मिक स्थल, सामुदायिक विद्यालय लगायत सार्वजनिक महत्व भएका स्थल भएमा सो स्थानबाट कम्तीमा तीस फिट अन्तर छ छैन हेर्ने र तीस फिट अन्तर छ भने स्वीकृतीको प्रकृयामा लैजाने,

(ख) व्यवस्थापन गर्ने जग्गाको वरपर रहेको जग्गाको सतहभन्दा अग्लो, भिरालो जग्गा हो होइन एकिन गर्ने र सोही आधारमा वरपरको अन्य जग्गाको सतह बमोजिम मात्र हुने गरी स्वीकृत दिन सकिने,

तर वरिपरिका जग्गाभन्दा धेरै गहिरो वा अग्लो हुने गरी खन्न स्वीकृती दिइने छैन।

(ग) निजी जग्गा सम्याउन सम्झौता भएको मितिले बढीमा ३ महिना समय दिइनेछ। सोभन्दा अवधि थप गरिने छैन।

(घ) एक पटक सहमति लिएर सम्झौता गरेपछि पुनः सोही कित्ता वा व्यक्तिलाई पुनः जग्गा सममाउन अनुमति दिइने छैन।

(ङ) व्यवस्थापन गर्ने जग्गा निजको आफ्नै घर टहरा निर्माणका लागि हो वा कृषि प्रयोजनका लागि हो वा प्लटिङ्गको लागि हो एकिन गर्नु पर्नेछ ।

(च) व्यवस्थापन गर्ने जग्गा बीस रोपनीभन्दा बढी वा घटी के छ सो एकिन गर्ने र बीस रोपनी भन्दा बढी जग्गाबाट मालवस्तु निकाल्ने हो भने खानी दर्ताको प्रकृयाको लागि निवेदन दिनुपर्ने हकमा सम्बन्धित निकायका सिफारिस

गर्नु पर्नेछ।

(छ) घर बनाउने प्रयोजनका लागि एक रोपनीसम्मको जग्गा सम्याउदा धरौटी राख्नु पर्ने छैन तर सोभन्दा वढी वा ब्यावसायिक प्रयोजन हो भने दफा ५ बमोजिम तोकिएको समितिको सिफारिस बमोजिम एक लाख रूपैयाँ देखि पन्ध्र लाख रूपैयाँसम्म नगद धरौटी वा बैंक ग्यारेन्टी राख्नु पर्नेछ।

(ज) निजी जग्गा व्यवस्थापनका लागि स्वीकृति दस्तुर एक रोपनीसम्म निजी प्रयोग वा कृषि प्रयोजनको लागि भएमा पाँच हजार रूपैयाँ र सो स्थानबाट माटो वा बालुवा कटान गरी बाहिर निकासी गर्ने भएमा प्रति घनफीट (क्यू. फी.) क्रमशः एक रूपैयाँ र र सात रूपैयाँ दस्तुर लाग्नेछ। एक रोपनीभन्दा बढी

रव्यावसायिक प्रयोजन भएमा स्वीकृति दस्तुर बापत बीस हजार रूपैयाँ कटान हुने माटो निकासीको हुने माटो निकासी हकमा प्रति क्यू.फि. एक रूपैयाँ तथा बालुवाको हकमा प्रति क्यू.फि. सात रूपैयाँ दस्तुर लाग्नेछ।

(झ) वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ र अन्य प्रचलित कानून बमोजिम कार्य गरेको छ/छैन नगरपालिकाले एकिन गर्नु पर्नेछ।

(ञ) नगरपालिकाले तोकेको प्राविधिकबाट अनुगमन गराई प्रतिवेदन लिनु पर्नेछ।

(ट) सँधियारको सहमति नभएको अवस्थामा दफा ५ बमोजिमको समितिको सिफारिस बमोजिम हुनेछ।

(ठ) ढुङ्गा निकासी बापत प्रति घन

मिटर एक सय पचास रूपैयाँ निकासी दस्तुर लाग्नेछ।

३. **खानी वासिङ तथा फिरफिरे सम्बन्धी , व्यवस्थाः**बीस (१) रोपनीभन्दा बढी क्षेत्रफल भएको जग्गामा सञ्चालन हुने खानीवासिङ्ग तथा , फिरफिरेकोहकमा सिफारिसअनुगमन तथा , नवीकरण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) बीस रोपनीभन्दा बढी क्षेत्रफलमा खानी सञ्चालन गर्नु परेमा प्रचलित कानून बमोजिम खानी विभागको स्वीकृती लिनु पर्नेछ।

(ख) खानी विभागको स्वीकृतिपत्रमा उल्लेख भएका शर्तहरु पालना भए नभएको सम्बन्धमा नगरपालिकाबाट खटाईएको प्राविधिकबाट अनुगमन हुनेछ। यसरी अनुगमन गर्दा स्वीकृति दिएको शर्त पालना नभएको पाइएमा नगरपालिकाले आवश्यक निर्देशन दिन

सक्नेछ।

(ग) बीस रोपनीभन्दा बढीको खानी नवीकरण प्रचलित कानून बमोजिम नगरपालिकाबाट हुनेछ।

(घ) नगरपालिकाले नवीकरण गर्दा शर्त पालना नगरेको सम्बन्धमा प्राविधिक प्रतिवेदन लिई पालना गरेको पाईएमा नवीकरण गर्नेछ।

(ङ) नगरपालिकाले खानी विभागमा सिफारिस गर्नु पर्ने भएमा उपदफा (२) बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ।

(च) खानी सिफारिस बापत पचास हजार रूपैयाँ र सम्बन्धित निकायबाट स्वीकृत भई आएपछि निकासी बापत माटो भएमा प्रति क्यू.फि. एक रूपैयाँ र बालुवाको हकमा प्रति क्यू.फि. सात रूपैयाँ

लाग्नेछ। नवीकरण बापत एकमुष्ट पचास हजार रूपैयाँ लाग्नेछ।

(२) बीस रोपनीभन्दा कम क्षेत्रफलमा सञ्चालित खानीको हकमा निम्न कार्यविधि अपनाउनु पर्नेछः-

(क) बीस रोपनीभन्दा कम क्षेत्रफलमा खानी सञ्चालन गर्नु परेमा र वासिंग तथा फिरफिरे सञ्चालन गर्नु परेमा नगरपालिकाको अनिवार्य स्वीकृति लिनु पर्नेछ। स्वीकृतिको लागि निवेदन दिंदा दफा १ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ।

(ख) अनिवार्यरुपमा Treatment plant राखी फोहर पानी व्यवस्थापन गर्नुपर्नेछ।

(ग) वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ ले व्यवस्था गरे वमोजिम वातावरण प्रभाव मूल्याङ्कन

(EIA)वा प्रारम्भिक वातावरणीय परीक्षण (IEE)गराउनु पर्नेछ।

(घ) प्रस्तावित क्षेत्रको Detailed Topography Surveyर सिमानाको घर जग्गालाई सुरक्षित गर्ने टेवा पर्खालको Design Drawingपेश गर्नुपर्नेछ।

(ङ) खानी, वासिङ्ग र फिरफिरे सञ्चालनको लागि दफा ५ को समितिले सिफारिस गरे बमोजिम पाँच लाख रूपैयाँ देखि पच्चीस लाख रूपैयाँसम्म नगद धरौटी वा बैंक ग्यारेन्टी अनिवार्य राख्नुपर्नेछ।

(च) खानी स्वीकृति बापत स्वीकृति दस्तुर पचास हजार रूपैयाँ र निकासी बापत माटो भएमा प्रति क्यु. फि. एक रूपैयाँ र बालुवाको हकमा प्रति क्यु. फि. सात रूपैयाँ दस्तुर लाग्ने

छ। नवीकरण बापत प्रति वर्ष पचास हजार रूपैयाँ दस्तुर लाग्नेछ।

(३) वासिंग तथा फिरफिरे स्वीकृतिका लागि निम्न कार्यविधि अपनाउनु पर्नेछः-

(क) वासिंग र फिरफिरेमा आउने कच्चा पदार्थ वातावरण प्रभाव मूल्याङ्कन (EIA)वा प्रारम्भिक वातावरण मूल्याङ्कन(IEE) स्वीकृति भएको श्रोतबाट मात्र ल्याउनु पर्नेछ ।

(ख) स्वीकृतिको लागि निवेदन दिंदा दफा १ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ। यस दफामा उल्लेख नभएमा विषयमादफा २ को उपदफा (३) बमोजिम हुनेछ।

(ग) वासिंग र फिरफिरे सञ्चालन अनुमति बापत दुई लाख रूपैयाँ र नवीकरण बापत एक लाख रूपैयाँ दस्तुर लाग्नेछ । माटो भएमा प्रति क्यु. फि.

एक रूपैयाँ र बालुवाको हकमा प्रति क्यु. फि. सात रूपैयाँ दस्तुर लाग्ने छ।

४. **<u>सार्वजनिक जग्गा व्यवस्थापन गर्दा अपनाउनुपर्ने कार्यविधिः</u>**(१)नगर वासिको हितमा खेलकुद मैदान, सामुदायिक स्कुल कलेज भवन, मन्दिर तथा पार्क निर्माणका लागि जग्गा व्यवस्थापन गर्दा नगर सभाको निर्णय बमोजिम गर्नुपर्नेछ।

(२) नगरपालिका क्षेत्रभित्र बाटो बिस्तार गर्दा सार्वजनिक जग्गा परी सो जग्गाबाट आवश्यकताभन्दा बढी माटो बालुवा निस्किएमा नगरस्तरीय जिल्ला दर रेट बमोजिम बिक्री गर्न सकिनेछ।

(३) सम्बन्धित अन्य निकायबाट स्वीकृत लिनुपर्ने भएमा स्वीकृति लिनुपर्नेछ।

५. **<u>निवेदन स्वीकृत गर्ने कार्यविधिः</u>**(१) नगरपालिकाले निवेदन स्वीकृत गर्दा देहायबमोजिमको समितिको सिफारिस बमोजिम गर्नु पर्नेछः-

(क) नगरप्रमुख

-

संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत
-सदस्य

(ग) सम्बन्धित वडा अध्यक्ष
-सदस्य

(घ) विपद व्यवस्थापन समितिको सभापति
-सदस्य

(ङ) वातावरण तथा विपद् ब्यवस्थापन शाखा प्रमुख
-सदस्य

(च) अधिकृत स्तरको प्राविधिक (इन्जिनियर) -सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको सिफारिस बमोजिम नगरपालिकाले दफा १ बमोजिमको निवेदन स्वीकृत गर्नेछ।

(३) उपदफा (२) बमोजिम नगरपालिकाले गरेको निर्णय बमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत कर्मचारीलेसम्बन्धित जग्गा धनीसँग सम्झौता गर्नेछ।

(४) उपदफा (३) बमोजिम गरेको सम्झौताको जानकारी जिल्ला समन्वय समिति,

जिल्ला प्रशासन कार्यालय, महानगरीय प्रहरी परिसर र सम्बन्धित क्षेत्रको सुरक्षा निकायलाई समेत दिनुपर्नेछ।

६. **प्रदुषण नियन्त्रण गर्नेः**(१) जग्गा सम्याउँदा,खानी वासिंग र फिरफिरे सञ्चालन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी वा जनजीवन र जनस्वास्थलाई खतरा हुने गरी काम गर्न पाइने छैन।

(२) खानी, वासिंग र फिरफिरे सञ्चालकले वा त्यस्तो सामग्री ढुवानी गर्दा बाटोमा धुलो उडाउने, आवत जावतमा अवरोध पुग्ने गरी सवारी साधन चलाउन पाउने छैन।

(३) जग्गा सम्याउँदा,खानी वासिंग र फिरफिरे सञ्चालन बिहान ६:०० बजे देखि बेलुका ६:०० बजेसम्म मात्र काम गर्न पाउनेछ।

(४) नगरपालिकाले जग्गा सम्याउँदा,खानी वासिंग र फिरफिरे सञ्चालन गर्ने कार्यको नियमित अनुगमन गर्दा, सम्झौता बमोजिम कार्य नगरेको पाएमा स्वीकृत अनुमति रद्द गर्न सक्नेछ।

(५) सार्वजनिक जग्गाबाट उत्खन्न भै सकेपछि उक्त स्थानमा सिमांकन गरी हरियाली कायम हुने व्यवस्था गर्नु पर्नेछ।

(६) खानी, वासिंग र फिरफिरे सञ्चालकले नगरपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

(७) खानी, वासिंग र फिरफिरे सञ्चालकले आफूलाई आवयश्यक पर्ने बाटो वर्षायाममा समेत चल्न सक्ने गरी मर्मत संभार गर्नु पर्नेछ।

(८) विभिन्न स्थानमा भएका वासिंग कम्पनीले आफूले अनुमति लिँदा कम्पनी रजिष्ट्रारको कार्यालय तथा घरेलु कार्यालयबाट दिएको निर्देशन जस्तै वासिङ्गबाट निस्किएको फोहोर पानीलाई आवश्यक उपचार गर्ने Treatment Plant बनाई उपचार भैसकेको पानीलाई मात्र स्थानीय नदी तथा खोलामा खसाल्नु पर्नेछ।

७. **जग्गा प्लटिङ्ग सम्बन्धी व्यवस्थाः**(१) नगरपालिकाभित्र कुनै व्यक्ति संस्था समूहले प्लटिङ्ग गर्नु परेमा उपत्यका विकास प्राधिकरणलाई सिफारिस गर्दा देहाय बमोजिमगर्नु पर्नेछः-

(क) प्लटिङ्ग गर्न चाहेको नापी नक्सा हाल भैराखेको जग्गाको अवस्था र प्लटिङ्ग पछि हुने अवस्था समेत देखिने गरी सम्बन्धित वडाको सिफारिस सहित कागजात पेश गर्नु पर्नेछ।

(ख) प्लटिङ्ग गर्दा स्थानीय नदी नाला वनजंगल पर्ति जग्गा आदिलाई हानि नोक्सानी गर्ने पाईने छैन।

(ग) सम्बन्धित वडाको सर्जीमिन मुचुल्का पेश गर्नु पर्नेछ।

(घ) प्लटिङ्गको सिफारिसको लागि निवेदन दर्ता भइसकेपछि दफा ५ को समितिबाट अनुगमन गरी प्रतिवेदन माग गर्नु पर्नेछ।

(ङ) प्रतिवेदन प्राप्त भै सकेपछि सम्पूर्ण कुरा ठीक भएमा प्लटिङ्गको लागि उपत्यका

विकास प्राधिकरणमा सिफारिस गर्नु पर्नेछ।

(च) खण्ड (ङ) बमोजिमको सिफारिस गर्दा पन्ध्र रोपनी सम्मको पच्चीस हजार रूपैयाँ, पन्ध्र रोपनीदेखि तीस रोपनीसम्मको लागि पचास हजार रूपैयाँ र सो भन्दा बढी क्षेत्रफल भएकोमा एक लाख रूपैयाँ दस्तुर लाग्नेछ।

(छ) उपत्यका विकास प्राधिकरणबाट स्वीकृति भै आएपछि प्लटिङ्ग कार्य शुरु गर्दा दफा १ र २ को व्यवस्था अनुसार स्वीकृति लिनु पर्नेछ।

(२) उपत्यका विकास प्राधिकरणबाट स्वीकृति भई आएपछि प्लटिङ्ग कार्य सुरु गर्दा दफा १ र २ व्यवस्था अनुसार स्वीकृति लिनुपर्नेछ।

(३) प्लटिङ्ग गर्ने जग्गाको सरकारी मूल्याङ्कनको एक प्रतिशतले हुन आउने रकम स्वीकृति दस्तुर लाग्ने छ।

८. **जरिबाना गर्न सक्ने** : कसैले नगरपालिकाबाट स्वीकृत मापदण्ड भन्दा बाहिर गई सम्झौता विपरीत काम गरेको पाईएमा त्यस्तो स्वीकृति रद्द गर्न वा निजलाई पचास हजार रूपैयाँसम्म जरिवाना गर्ने अधिकार प्रमुखलाई हुनेछ।

९. **यसै कार्यविधि बमोजिम हुनेः**नगरपालिकाको प्राकृतिक श्रोत व्यवस्थापन सम्बन्धी छुट्टै कानून निर्माण नभएसम्म यस कार्यविधिमा लेखिएका कुरामा यसै कार्यविधि बमोजिम हुनेछ। यस कार्यविधिमा उल्लेख नभएका विषयको सम्बन्धमा नगर कार्यपालिका वा नगर सभाको निर्णय बमोजिम हुनेछ।

स्वीकृत मितिः२०७५।३।१०

आज्ञाले,

दिपक कोईराला

प्रमुख प्रशासकीय अधिकृत